
# दलित गैसस महासंघ, कपिलवस्तु जिल्ला अध्यक्ष एवम् मानवअधिकार रक्षक पूर्णबहादुर सुनारको हत्या सम्बन्धमा गरिएको स्थलगत अध्ययन प्रतिवेदन ०६४




**प्रतिवेदन सार्वजनिक ०६४ भदौ ६ गते**

**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति (HRTMCC)**
**सचिवालय**
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

# कार्यकारी सारांश

दलित गैर सरकारी संस्था महासंघ, कपिलवस्तु जिल्ला अध्यक्ष पूर्णबहादुर सुनार ०६४ साउन २४ गते साँझ करिब ७:३० बजे कपिलवस्तु जिल्ला सदरमुकाम तौलिहवाबाट मोटरसाकइकलमा घरतर्फ फर्कँदै गर्दा तौलिहवादेखि करिब ९ कि.मी. उत्तरतर्फ तौलिहवा-बुड्ढी सडकखण्डको पक्रेटा भन्ने स्थानमा मोटरसाइकलमा रहेका हतियारधारी व्यक्तिहरुले नियन्त्रणमा लिई गोली प्रहार गरी हत्या गरे ।

पीडकहरूले २ राउण्ड गोली प्रहार गरी उनको हत्या गरेका थिए । एउटा गोली मृतकको फोक्सो छेडी बाहिर निस्केको र अर्को गोली मुटुमै अड्किएको थियो । पक्रेटा गाउँका स्थानीय महिलाले रातको करिब ८:१५ बजेतिर सडकको किनारमा मोटरसाइकल ढलेको र एक व्यक्ति पल्टिरहेको देखेपछि आफ्नो घर-परिवार तथा छिमेकमा खबर गरेका थिए । स्थानीयवासीहरूले राति ११ बजे प्रहरीलाई खबर गरेका थिए । इलाका प्रहरी कार्यालय गोरुसिङ्गेको टोली करिब रातको ११:१५ बजे घटनास्थलमा पुगेको थियो ।

तराई जनतान्त्रिक मुक्ति मोर्चा (गोइत) ले विज्ञप्तिमार्फत् घटनाको जिम्मेवारी लिएको भएता पनि पीडित परिवार, प्रहरी-प्रशासन, जिल्लास्थित विभिन्न संघ-संस्थाका प्रतिनिधिहरू, राजनीतिक दलका प्रतिनिधिहरूलगायतका सरोकारवालाहरूले सो विज्ञप्ति स्विकान गर्न नसकिने बताएका छन् ।

सो घटना जुनसुकै पक्षबाट भएता पनि घोर भर्त्सनायोग्य र निन्दनीय रहेको छ । यो घटनाले मानवको स्वतन्त्र रूपमा बाँच्न पाउने अधिकार हनन् भएको छ । साथै, मानवअधिकार रक्षकहरुको अधिकार सम्बन्धी घोषणापत्र १९९८, मानवअधिकार विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ लगायतले स्थापित गरेका मानवअधिकार सिद्धान्त र प्रावधानहरुको उल्लंघन भएको छ ।

मानवअधिकारको क्षेत्रमा लामो समयदेखि जिल्लामा क्रियाशिल सामाजिक कार्यकर्तामाथिको यो आक्रमणले समग्र मानवअधिकार रक्षकलाई नै चुनौति दिएको अनुगमन टोलीको ठहर छ ।

# Executive Summary

Dalit NGO federation Kapilvastu district president Purna Bahadur Sunar was found dead at 24th Shawan 2064, 7:30 P.M. The incident occurred in Pakrata , which is 9 K.M. far from Taulihawa-Buddi highway. He was shot dead after control while going to house through Motor-Bike.

He was killed by two round bullets of the home made gun .Among two bullets one was out of the body and one was inside the body. The incident was seen by the local women at 8:15 P.M. when motor-bike was sliding with one person at the edge of the rode. After more villagers came by the information of the women and went to inform the Purna Bhadur Sunar's house and also informed the police at 11 P.M. and came at 11:15 P.M.

The response took with statement by the Terai Janatanraik Mukti Morcha (TJMM) (Goite) group but victim's family, police, various organizations, political parties did not believe yet.

The incident was denounced by the **Human Rights Treaty Monitoring Coordination Committee (HRTMCC),** which violates the fundamental rights, human rights and humanitarian law prescribed by the International Convention.

Human Rights defender and social worker Late Purna Bhadur Sunar has been running since long time and incident becomes challenge for all of the society, human rights defenders and civilians.

**पृष्ठभूमी**

दलित गैर सरकारी संस्था महासंघ, कपिलवस्तु जिल्ला अध्यक्ष पूर्णबहादुर सुनार ०६४ साउन २४ गते साँझ करिब ७:३० बजे जिल्ला सदरमुकाम तौलिहवाबाट मोटरसाकइकलमा घरतर्फ फर्कदै गर्दा अज्ञात हतियारधारी व्यक्तिहरूले राजपुर गाविस-२ मा नियन्त्रणमा लिई गोली प्रहार गरी हत्या गरेको भन्ने सूचनाको आधारमा सो सम्बन्धमा स्थलगत अध्ययनका निम्ति मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको तर्फबाट इन्सेक, डी.एन.एफ.र ल्यानकाउ-नेपालका प्रतिनिधिहरू ०६४ साउन २८ गते दिउँसो कपिलवस्तु जिल्ला प्रस्थान गरेको थियो । टोलीद्धारा साउन २९ र ३० गते कपिलवस्तु जिल्ला पुगी, घटनास्थलको अवलोकन गर्नुकासाथै विभिन्न सरोकारवालाहरूसँग भेट गरी सत्यतथ्य सूचना तथा आवश्यक कागजात संकलन गरी यो प्रतिवेदन तयार गरिएको हो ।

**स्थलगत अनुगमन टोलीका सदस्यहरुः**

१) बिमलचन्द्र शर्मा, इन्सेक केन्द्रीय कार्यालय, काठमाण्डौ
२) मधु पन्थी, इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा
३) राजु पासवान , इन्सेक मध्यमाञ्चल क्षेत्रीय कार्यालय, काठमाण्डौ
४) अर्जुन बगाले , डी.एन.एफ.केन्द्रिय कायार्यलय, काठमाडौं
५) लोकदर्शन लामिछाने, डी .एन.एफ पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा
६) भवानी कार्की, ल्यानकाउ- नेपाल काठमाडौं
७) राजेन्द्र विश्वकर्मा, डी .एन.एफ. केन्द्रिय कायार्यलय,काठमाडौं
८) भीष्मराज पन्थी, इन्सेक रूपन्देही जिल्ला प्रतिनिधि

**तथ्य संकलनको उद्देश्य**

- घटनाका सम्बन्धमा सत्यतथ्य पत्ता लगाउने
- घटनाको सत्यतथ्यसहितको प्रतिवेदन तयार गरि सार्वजनिक गर्ने ।

**तथ्य संकलनको पद्धति**

- घटनास्थलको अवलोकन
- घटनाबाट प्रत्यक्ष रूपमा पीडित व्यक्तिहरूसँग भेटघाट र कुराकानी
- घटनास्थल वरपरका व्यक्ति तथा प्रत्यक्षदर्शीसँग भेटघाट गरी घटनाको विवरण संकलन
- स्थानीय नागरिक समाज, स्थानीय प्रहरी प्रशासन, मानवअधिकारकर्मी, राजनीतिक दल तथा सम्बन्धित निकाय एवं व्यक्तिसँग घटनाका सम्बन्धमा जानकारी संकलन
- घटना सम्बन्धमा पूर्व प्रकाशित सामग्रीहरूको अध्ययन

**घटनाको प्रकृति** : हत्या

**घटना मिति / समय** : ०६४ साउन २४ गते राति करिब साढे सात बजे

## मृतकको विवरण :

**मृतकको नाम / थर : पूर्णबहादुर सुनार**

**उमेरः** ३८ वर्ष

**ठेगाना** : लुम्विनी अञ्चल, कपिलवस्तु  जिल्ला, बुड्डी गाविस-४, जोधपुर

**आबद्ध संस्था** : दलित गैर सरकारी संस्था महासंघ, कपिलवस्तु र रुरल इलीट्रेसी सोसाइटी एजुकेशन (राइज) कपिलवस्तु

**पीडक** : अज्ञात हतियारधारी समूह

### घटनास्थलको विवरण

घटनास्थल लुम्बिनी अञ्चल, कपिलवस्तु  जिल्ला, राजपुर गाविस-२ पक्रेटामा पर्दछ । सो स्थान तौलिहवा-बुड्डी सडकखण्डको मध्यभागमा पर्दछ । जिल्ला सदरमुकाम तौलिहवादेखि करिब ९ कि.मी. उत्तर-पश्चिमतर्फ तथा महेन्द्र राजमार्गको बुड्डीचोकदेखि करिब ६ कि.मी दक्षिणतर्फ र पीडितको घरदेखि करिब २ कि.मी. दक्षिणतर्फ घटनास्थल रहेको छ । घटनास्थल वरपर घर वा मानव बस्ती छैन साथै सडकको दाँयाबायाँमा धान-खेत रहेको छ । घटनास्थलभन्दा करीब ५०० मिटर पूर्वतर्फ राजपुर गाविस-२ पक्रेटा गाउँ छ ।

### लासको स्थिति र प्रकृति

***(घटनास्थलका प्रत्यक्षदर्शीको भनाई तथा अनुगमनका क्रममा पाइएका तथ्यका आधारमा)***

घटनास्थल (तौलिहवा-बुड्डी सडकखण्डको मध्यभागमा) सडकको बायाँ किनारमा मोटरसाइकल पल्टिएको, मोटरसाइकलको अगाडिको चक्कासँगै टाउको दक्षिणतर्फ र खुट्टा उत्तरतर्फ उत्तानो परेको अवस्थामा पीडितबमे लास रहेको थियो । एउटा खुट्टामा उनले लागाएको चप्पल थियो भने अर्को चप्पल मोटरसाइकलको अगाडिको चक्काको मुनि थियो । टाउकोमा हेलमेट रहेको, छातिको दायाँपट्टि परेको सानो प्वाल र नाकबाट रगत बगेको थियो जसका कारण कमिजरगतले भिजेको थियो । कालो हाते झोला शरीर नजिकै रहेको र मोबाइल दाँयातिरको गाजीबाट आधा बाहिर निस्केको अवस्थामा थियो ।  पाइन्टमा १७ हजार ५ सय नेपाली रूपैया र कमिजको गोजीमा करिब १५० भारतीय रूपैया पाइएको थियो । मृतकको ढाडमा दुईवटा प्वाल परेको र शरीरको अगाडिपट्टि दाँया भागमा एउटा प्वाल परेको थियो । साथै, एउटा गोली शरीरबाट बाहिर निस्केको र एउटा गोली शरीरभित्रै रहेको अवस्थामा पाइएको थियो । एउटा गोलीले दाँयातिरको फोक्सो छेडेर अगाडि निस्केको थियो भने अर्को गोली मुटुमै अड्किएको थियो । गोलीले छेडेका प्वालहरूको चारैतिरको छालामा निलो दाग रहेको थियो । शरीरको अन्य भागमा चोटपटक तथा लछारपछार भएको कुनै दाग थिएन ।

### घटनाको विस्तृत विवरण

बुड्डी गाविस-४ निवासी ३८ वर्षीय पूर्णबहादुर सुनार ०६४ साउन २३ गते साँझ ५ बजे घरबाट राइज र दलित गैसस महासंघको कामको सिलसिलामा जिल्ला सदरमुकाम तौलिहवातर्फ हिड्नु भएको थियो । उहाँ सोही रात राइजको कार्यालयमा सुत्नुभयो । २४ गते विहानदेखि साँझ ४:३० बजेसम्म उहाँ राइजकै बैठकमा व्यस्त हुनुहुन्थ्यो ।  राइजको बैठक सकी तौलिहवास्थित सुभम होटलमा डी.एन. एफ.का केही साथी तथा अन्य व्यक्तिहरूसँग चिया पिउँदै करिब दुई घण्टासम्म उहाले छलफल गर्नुभएको थियो ।

साउन २४ गते साँझ सात बजेतिर पूर्णबहादुरले सुभम होटलबाट मोटरसाइकलको पछाडिपट्टि पिपरहवा निवासी सन्तोष हरिजनलाई राखेर बुड्डीस्थित घरतर्फ प्रस्थान गर्नु भएको थियो । उहाँसँगै दलित गैसस महासंघ, कपिलवस्तुका फील्ड अफिसर डम्बरबहादुर सुनारले आफ्नो मोटरसाइकलको पछाडि धनकौली निवासी अनिता श्रीमललाई राखेर हिड्नु भएको थियो । पूर्णबहादुरले सन्तोष हरिजनलाई घरसम्म पुऱ्याउन बिजगौरीबाट पिपरहवातर्फ लागेपछि डम्बरबहादुर बिजगौरीबाट आफ्नो घर गोरुसिङ्गेतर्फ गएको तथ्य अनुगमनका क्रममा प्राप्त भयो ।

पूर्णबहादुरले सन्तोषलाई पिपरहवा पुऱ्याई घरतर्फ फर्कने क्रममा पक्रेटा भन्ने स्थानमा आइपुग्दा विपरीत दिशातर्फबाट मोटरसाइकलमा आइरहेका व्यक्तिहरूले उहाँलाई नियन्त्रणमा लिई पछाडिबाट गोली प्रहार गरी हत्या गरेको र पीडकहरू दक्षिण-पूर्वतर्फ लागेको कुरा घटनास्थलको निरीक्षण, पीडित पक्ष, घटनास्थल वरपरका व्यक्ति तथा सुरक्षा निकायको भनाईबाट बुझिन आउँछ ।

पीडकहरूले घरेलु सानो हतियारबाट २ राउण्ड गोली प्रहार गरी पूर्णबहादुरको हत्या गरेका थिए । एउटा गोली मृतकको फोक्सो छेडी बाहिर निस्केको र अर्को गोली मुटुमै अड्किएको थियो । मुटुमा अड्किएको एक गोली पोष्टमार्टम गर्ने क्रममा निकालिएको थियो । पक्रेटा गाउँका स्थानीय महिलाहरूले करिब राति ८:१५ बजेतिर सडकको किनारमा मोटरसाइकल ढलेको र एक व्यक्ति पल्टिरहेको देखेपछि आफ्नो घर-परिवार तथा छिमेकमा खबर गरेपछि सोही गाउँका १५-२० जना व्यक्ति घटनास्थलतर्फ गएका थिए । त्यसैगरी तौलिहवास्थित नेपाल विद्युत प्राधिकरणका एक कर्मचारी साँझ तौलिहवाबाट राजपुर गाविसस्थित घरतर्फ फर्कदै गर्दा बाटोमा पूर्णबहादुर सडकमा पल्टिरहेको अवस्थामा देखी राजपुर गाउँमा पुगी सो खबर बताएका थिए । उनको सूचनालगत्तै मृतकका घरपरिवार तथा राजपुरका बासिन्दाहरू राति करिब ९:३० बजे घटनास्थल पुगेका थिए । झण्डै ११:०० बजे घटनाको सम्बन्धमा गोरुसिङ्गेस्थित इलाका प्रहरी कार्यालयमा खबर गरिएको थियो । प्रहरी झण्डै ११:१५ बजे घटनास्थल पुगेपछि पूर्णबहादुर कतै जिवित छन् कि ? भनी तौलिहवास्थित जिल्ला अस्पतालमा लगेकोमा अस्पतालमा रहेका डाक्टरले उनी मृत भएको जानकारी दिएका थिए । भोलिपल्ट लासको पोष्टमार्टम गरी प्रहरीको जिम्मा लगाइएको थियो ।

भोलिपल्ट तराई जनतान्त्रिक मुक्ति मोर्चा (गोइत) ले प्रेस विज्ञप्तिमार्फत् जिम्मेवारी लिएको थियो । गोइत समूहको पश्चिम कमाण्ड इन्चार्ज **आजाद** को नाममा प्रेषित सो विज्ञप्तिमा हत्या गरिएको व्यक्तिको नाम, थर खुलाइएको छैन भने उनैलाई हत्या गर्नुको कारण पनि स्पष्ट गरिएको छैन । सो घटना गोइत समूहबाट भएको भन्नेमा पीडित परिवार, स्थानीय बासिन्दा, प्रहरी-प्रशासन, जिल्लास्थित नागरिक समाजका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधिलगायत् मृतकलाई चिन्ने व्यक्तिहरूल स्वीकार्ने पक्षमा छैनन् । गोइत समूहले घटनाको जिम्मेवारी लिएकै भएता पनि त्यो घटना अरु कोही-कसैबाट गराइएको हो र घटनाको अनुसन्धानलाई छाँयामा पार्न गोइत समूहलाई जिम्मेवारी लिन लगाइएको हुनुपर्छ - भन्ने उनीहरुको घारण छ ।

## निष्कर्ष तथा सुझावहरू

### निष्कर्ष

**(घटना अनुगमनका क्रममा तथ्यहरुलाई विश्लेषणका आधारमा)**

१. हत्या सुनियोजित र पूर्व योजना अनुसार भएको र साँझ करिब साढे सातदेखि पौने आठ बजेतिर भएको पाइएयो ।
२. मृतकसँग भएको नगदलगायत् सम्पूर्ण सामान घटनास्थलमा पाइनुले लुटपाटको आशयले हत्या गरिएको देखिएन ।
३. एउटा गोलीले फोक्सो छेड्नु र अर्को गोली मुटुमा लाग्नु तथा धेरै गोली र समय खर्च नगर्नुले हतियार चलाउन पोख्त व्यक्ति यो घटनामासंलग्न रहेको पाईयो ।
४. गोलीले पारेका घाउहरूको वरीपरी गन पाउडरले छाला जलेको पाइएकोले नजिकैबाट शरीरमा हतियार टाँसेर गोली प्रहार गरेको देखिन्छ ।

५. घटनाको सम्बन्धमा जन तान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) समुहले जिम्मेवारी लिएको भएता पनि उक्त कुरा स्थानीय प्रहरी-प्रशासन, पीडित परिवार, नागरिक समाज राजनीतिक दलहरू विश्वास गर्ने पक्षमा नरहेको पाईयो ।

**सुझाव**

**मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको स्थलगत अनुगमन टोली सो घटनाको सन्दर्भमा नेपाल सरकारसमक्ष निम्न सुझावहरू प्रस्तुत गर्दछ ।**

- केहि दिन यता देशका विभिन्न भागमा अज्ञात समूहबाट मानवअधिकार रक्षकहरूमाथि श्रृंखलाबद्ध रूपमा आक्रमण भइरहेका छन् । मानवअधिकार रक्षकमाथि भएको यो पछिल्लो आक्रमणको यथाशीघ्र छानबिन गरी हत्यामा संलग्न दोषीलाई कानुनी कारवाही गरिनु पर्दछ ।
- मानिसको बाँच्न पाउने अधिकार तथा जीउज्यानको सुरक्षाको सुनिश्चितता प्रदान गरिनु पर्दछ ।
- तराई भेगका जिल्लाहरूमा श्रृंखलाबद्ध व्यक्ति हत्या तथा अपराधिक क्रियाकलापहरूले निरन्तरता पाइरहेकाले शान्ति सुरक्षा कायम गर्न प्रशासनिक तथा सुरक्षा निकायले यथोचित व्यवस्थापन गरिनु पदर्छ ।
- मानवअधिकार तथा सामाजिक क्षेत्रमा क्रियाशिल रहेकै कारण यी व्यक्तिले ज्यान गुमाउनु परेकाले राज्यले यसको जिम्मेवारी लिई मृतकका परिवारलाई क्षतिपूर्ति प्रदान गरिनु पर्दछ ।
- मृतकको परिवारलाई रोजगारी र छोराछोरीको भरणपोषण तथा शिक्षाको व्यवस्था मिलाइनु पर्दछ ।
- यस्ता खाले घटनाले आसन्न संविधानसभाको चुनावलाई असर पार्ने भएको हुनाले शान्ति सुरक्षा तथा भयमुक्त वातावरण सृजना गर्नेतर्फ सजग हुनुपर्दछ ।

**एक असल मानवअधिकार रक्षकको दुःखद अन्त्य**

**पूर्ण एक असल सामाजिक कार्यकर्ता :**

विगत एक दशकदेखि सामाजिक क्षेत्रमा क्रियाशील पूर्णबहादुर स्थानीय बासिन्दाहरुबीच कुशल र असल व्यक्तिको रुपमा परिचित हुनुहन्थ्यो । उहाँलाई स्थानीय बासिन्दाहरुले पूर्ण डाक्टर साव भनेर सम्बोधन गर्थे । उहाँ जिल्लाकै दलित आन्दोलनको एउटा अगुवा व्यक्ति हुनुहुन्थ्यो । पूर्णबहादुर विगत ६ महिनादेखि डी.एन.एफ. कपिलवस्तु जिल्लाको अध्यक्ष हुनुहुन्थ्यो । उहाँ विगत २ वर्षदेखि राइज नामक संस्थाको गरिवी निवारण कार्यक्रम अन्तरगत दुबिहा गाविसका सामाजिक परिचालकका रुपमा पनि कार्यरत हुनुहन्थ्यो । स्वास्थ्य, शिक्षा तथा उत्पीडित विकास परिषद् नामक उहाँको नेतृत्वको अर्को संस्था थियो । उहाँ त्यसको संस्थापक र हालसम्मको अध्यक्ष रहदैं आउनु भएको थियो त्यसै गरी गैरसरकारी संस्था महासंघ, कपिलवस्तु जिल्ला शाखाको सदस्य साना किसान सहकारी संस्थाको वडा समिति संयोजकका रुपमा पनि उहाँले आफ्नो भूमिका निर्बाह गर्दै आउनु भएको थियो । उहाँ भृकुटी माविको भवन निमार्ण समितिको अध्यक्ष, गाविसको बाटो निमार्ण समितिको सचिव तथा सामुदायिक अध्ययन केन्द्रमा पनि आबद्ध हुनुहुन्थ्यो ।

**दलितका अगुवा नेता :**

पूर्णबहादुर सुनार, पहाडी मुलको मान्छे भएता पनि उहाँले मधेसी मूलका व्यक्तिहरुलाई सम्मान र बारम्बार हेक्का राख्नुहुन्थ्यो, भन्नुहुन्छ मधेस मानवअधिकार अनुगमन सञ्जालका संयोजक शिवकुमार यादव । यादव भन्नु हुन्छ- उहाँ सबै मधेसी र पहाडी समुदायका निम्ति गउमाता जस्तो मान्छे हो । राइजका अध्यक्ष जीतबहादुर चौधरी, पूर्णबहादुर समाजमा भिजेर काम गर्न सक्ने गुण भएका व्यक्ति रहेको, बताउनु हुन्छ । चौधरी भन्नुहुन्छ - उहाँको कार्यक्षेत्रमा जनताले एकदमै सम्मान गरिरहेको पाइएको र उहाँको काम गराइको हिसाबले एकदम परिपक्को हुनुहुन्थ्यो । नेकाँका पदमप्रसाद खनालले उहाँ एक असल समाजसेवी रहेको भन्दै त्यस्ता व्यक्तिको हत्या भएकोमा दुःख व्यक्त गर्नु भयो । दलित मुक्ति आन्दोलनको क्षेत्रमा कार्य गरे वापत पूर्णबहादुरमाथि यो आक्रमण

भएको कारण उहाँलाई शहीद घोषणा गर्नुपर्न, जनमोर्चा नेपालका जिल्ला सचिव विष्णु भुसालको माग छ । त्यस्तै नेकपा (एमाले), नेपाल सदभावना पार्टी (आनन्दीदेवी), मधेसी जनअधिकार फोरम, नेकपा (माओवादी) लगायतका प्रतिनिधिहरुले उहाँ एक कुशल दलितको अगुवा भएको र सो क्षेत्रमै काम गरे वापत उहाँको हत्या भएको उल्लेख गर्नु भयो । मुक्ति समाजका जिल्ला सचिव मिना परियारले पूर्णबहादुर इमान्दार भएको कारण उहाँलाई अरुले प्रयोग गरेको बताउँदै पूर्णबहादुरले दलित आन्दोलनमा बाटो देखाउने काम गर्नु भएको बताउनु भयो ।

**पारिवारिक विवरणः**

पूर्णबहादुरका एक पत्नी, दुई छोरी र एक छोरा रहेका छन् । उहाँको ३७ वर्षीया पत्नी माला गोतामे सुनार श्री प्रावि बढरा, जयनगरका अस्थायी शिक्षिका हुनुहुन्छ । ७ वर्षीय छोरा स्थानीय रेसीडेन्सी बोडिङ्ग स्कूलमा कक्षा एकमा र १४ वर्षीया छोरी कक्षा १० मा अध्ययनरत छन् । उहाँकी १७ वर्षीया छोरीले एस.एल.सी परीक्षा दिएर बसेकी छिन् ।

**अनुसूची–१**

## पीडित पक्ष र स्थानीय बासिन्दाहरूको भनाई

**मृतककी पत्नी**
**माला गोतामे सुनार, ३७ वर्षीया**
दलित गैसस महासंघ र राइजमा मिटिङ्ग छ भन्नु हुँदै २३ गते साँझ ५ बजे उहाँ घरबाट निस्कनु भयो । उहाँले भोलि मलाई दिउँसो राइजको अफिसको नम्बरमा फोन गरेर घरमा जरुरी काम छ भन्दै घरमा बोलाउनु भन्नु भएको थियो । उहाँ सोही रात कहाँ बस्नु भयो मलाई थाहा भएन । २३ गते पनि मैले उहाँलाई मोबाइलमा सम्पर्क गर्न खोजेको थिएँ तर सम्पर्क हुन सकेन । २४ गते दिउँसो १:०० बजे मैले उहाँको मोबाईलमा सम्पर्क गरेकी थिए । उहाँको एक पटक मोबाईल उठ्यो तर कुरा हुन सकेन । मैले साँझसम्म उहाँको आश गरेर बसे तर उहाँ राति आठ बजेसम्म पनि नआएपछि म घरभित्र गएर उहाँको मोबाईलमा सम्पर्क गर्न खोजीरहे ।

राति ९ बजेतिर म पल्टी रहेको मात्र थिएँ । बाहिरपट्टि हल्ला खल्ला भयो र म उठैं । केही व्यक्तिले उहाँ मोटरसाइकल दुर्घटनामा पर्नु भयो भनेर मलाई सुनाए । यो सडकमा गाडी एकदम कम गुड्ने र उहाँले भर्खर मात्र मोटरसाइकल चलाउन सिक्नु भएकोले उहाँलाई खासै ठूलो चोट नलागेको होला भन्ने मैले अनुमान गरेकी थिएँ । केहीसमयपछि प्रहरीको गाडी आयो र उनीहरूले सामान्य चोट मात्र लागेको छ भने । म घरमै बसैं । केही समयपछि एक छिमेकीले उहाँ जीवित नरहेको बताएपछि म अचेत भएछु । अनि अर्को दिन लास घरमा ल्याएपछि र मैले लास छोएपछि मेरो होस फिर्‍यो ।

उहाँ सधै साँझमा ६ बजेभित्रै घरमा आउनु हुन्थ्यो । तर त्यस दिन साँझ सात बजेसम्म पनि उहाँलाई कसैले तौलिहवामा रोकेर राखिएको थियो । उहाँले मोटरसाइकल त्यति राम्ररी चलाउन नजान्नु भएको कारणले अहिलेसम्म मोटरसाइकलमा घरको कोही कसैलाई समेत पछाडि चढाउनु हुनु हुन्नथ्यो तर त्यसदिन कोही बाहिरी मान्छे उहाँको मोटरसाइकलको पछाडि बसेको थियो ।

सो घटनाका सम्बन्धमा गोइत समूहले जिम्मेवारी लिएको भन्ने भोलिपल्ट थाहा पाएँ तर मलाई त्यसमा पटक्कै विश्वास लागेन । सो विज्ञप्तिमा व्यक्तिको नाम, थर विवरण केही छैन र उहाँलाई हत्या गर्नुको खासै कारण पनि खुलाइएको छैन । र, अहिलेसम्म कुनैपक्षबाट पनि धम्की तथा त्यस्ता संकेत समेत आएको थिएन । त्यसकारण सो हत्यामा गोइत समूहको हात रहेको म पटक्कै विश्वास गर्ने पक्षमा छैन । सो हत्या अरु कसैले सुनियोजित तरिकाबाट गरेको हुनुपर्छ र अनुसन्धानलाई छायाँमा पार्नका निम्ति गोइत समूहलाई जिम्मेवारी लिन लगाइएको हुनसक्छ ।

उहाँ विभिन्न संघ संस्थाहरूमा आबद्ध हुनुहुन्थ्यो । राइज नामक संस्थामा उहाँले प्लानिङ्ग र लेखाको काम गर्नुहुन्थ्यो ।

धेरै वर्षदेखि विभिन्न संघसंस्थाहरूमा सामाजिक तथा दलितको क्षेत्रमा काम गर्नु भयो ।

अन्त्यमा,
यो राज्यले मेरो पतिको हत्यारा पत्ता लगाउनु पर्छ, उहाँलाई शहीद घोषणा गरिनु पर्छ, विज्ञप्तिदेखि सन्तुष्ट छैन, निष्पक्ष छानबिन हुनुपर्दछ । यस घटनाको जिम्मेवारी राज्यले लिनुपर्दछ । मेरो तीन बच्चा छन्, घर ऋणमा छ, म अस्थायी शिक्षिका हुँ । मेरा बाल बच्चाको पढाइको ग्यारेन्टी हुनुपर्छ । अहिलेसम्म कुनै संघ, संस्था तथा कतैबाट सहयोग तथा राहत पाएको छैन ।

**हाकिम, राजपुर गाविस पक्रेटाका स्थानीय बासिन्दा**

हाम्रा गाउँका केहि महिलाहरूले सडकको किनारमा राति मोटरसाइकल र एउटा मान्छे लडेको देखेछन् । त्यसपछि हामी बसिरहेको स्थानमा आएर उनीहरूले हामीलाई सडकमा मोटरसाइकल र एक व्यक्ति लडेको कुरा बताए र उनीहरूले त्यो मानिस रक्सी खाएर मोटरसाइकलबाट लडेको हुनुपर्छ भने । त्यसपछि हामी १५- २० जना मानिस घटनास्थलतर्फ गयौं । त्यँहा लडेको मान्छे हामीले चिन्यौं । त्यो हाम्रो पूर्ण डाक्टर साब रहेछ । त्यसपछि हामीले यो गाउँको पूर्व उपाध्यक्ष खुमबहादुर थापालाई घटनाको सम्बन्धमा जानकारी दिन केही मान्छे पठायौं र केहि हामी त्यहीँ बस्यौं । पहिला हामीलाई पूर्ण डाक्टर रक्सी खाएर लडेको जस्तो लाग्यो तर पछि उनको शरीरमा खुन देखिएपछि उनको हत्या भएको शंका लाग्यो । अनि हामीले प्रहरीलाई फोन गर्नुपर्छ भनेर फोन गर्न लाग्यौं ।

**नाम सार्वजनिक नगर्न आग्रह गरेका एक ब्यक्ति**

२४ गते साँझ ६:४५ बजे छोरी विरामी भएको कारण छिटो घर आउनु भन्दै घरबाट फोन आयो । मेरो ड्युटी त्यस दिन थिएन तर साथीको ड्युटीको पालोका निम्ति बसिदिएको थिएँ । मैले घरबाट फोन आएको कुरा मेरो भिनाजुलाई बताएँ । उहाँले मेरो ड्युटीमा आफू बसिदिने कुरा भन्दै मलाई घर जान भन्नु भयो । अनि म साइकलमा घरतर्फ हिडें । धनकौली गाँउमा म जादैं गर्दा पूर्णसरले मलाई ओभरटेक गरेर जानुभयो । उहाँ एक्लै हुनुहुन्थ्यो । हेड लाईट बाल्नु भएको थियो, ब्याग बोक्नु भएको थियो । केही पर पुग्दा दुईटा मोटरसाइकल हेडलाईट नबालिकन सडकमा खडा थिए । म तिनीहरूको नजिकै पुग्दा एक्कासी हेडलाईट बाले र मोटरसाइकल स्टार्ट गरी स्पिडमा अगाडि बढे । म अगाडी (पक्रेटामा) आउँदा एउटा मोटरसाइकल पल्टिएको र एउटा मान्छे पनि ढलेको देखे म डराएको कारण त्यो को हो ? के भएको हो भन्ने खोजिनँ र म हतार-हतार साइकलमा अगाडि घरतर्फ लागैं । त्यो लडेको मान्छे पूर्ण सर जस्तो लागेको थियो किनकी मलाई पूर्ण सरले ओभेरटेक गरेर जानु भएको थियो । त्यसैले घरमा आउने बित्तिकै आफन्तहरुलाई मैले बाटोमा यस्तो-यस्तो देखें भनेर बताए । त्यति बेला मैले घडी हेर्दा आठ बजेको थियो । मैले त्यो पल्टिएको व्यक्ति पूर्ण सर पनि हुन सक्छ भनें र केहि हामी पूर्ण सरको घरमा खबर गर्न गयौ । अनि हामी घटनास्थलतर्फ आउँदैं गर्दा उताबाट आइरहेका व्यक्तिहरूले पूर्ण सर मऱ्यो भनेपछि म त्यो लडेको मान्छे पूर्ण सर नै रहेछ भन्नेमा ढुक्क भएँ ।

**डम्बर बहादुर सुनार, फिल्ड अफिसर, दलित गैर सरकारी संस्था महासंघ**

२४ गते बिहान ११ बजेतिर पूर्णजीको मसँग भेट भयो र हामी दुवैजना राइज संस्थामा गयौं । एकछिन पछि म आफ्नो कार्यालयमा फर्किएँ । सोही दिन करिब ४:३० बजेतिर सुभम होटलमा उहाँसहित ४-५ जनाले चिया पियौं र मैले अनिता श्रीमललाई मोटरसाइकलमा बसालें र उहाँले सन्तोष हरिजनलाई पछाडि मोटरसाइकलमा बसाल्नु भयो । हामी करिब साढे ६ बजे घरतर्फ हिड्यौं । मैले अनिता श्रीमललाई उनको घरमा छाडे । हामी बिजगौरीसम्म सँगसँगै आएका थियौ । उहाँ सन्तोषलाई उनको घर पिपरहवामा पुऱ्याउनको लागि जानु भयो र म चाहिँ बिजगौरीचोकबाट उहाँसँग छुट्टिएँ । मेरो मोटरसाइकलको हेडलाईट बिग्रेको कारण म उहाँलाई छोडी आफनो घर गोरुसिङ्गेतर्फ लागे । प्रेमनगरमा दुईटा मोटरसाइकलमा चारजना व्यक्तिहरू सडकको बीचमा मोटरसाइकल खडा गरेर रहेका थिए । मैले जसोतसो मेरो मोटरसाइकल त्यहाँबाट अगाडी बढाई, घर पुगें । झिसमिस साँझ भएको कारण मैले उनीहरूको पहिचान गर्न सकिन । राति म र नेत्र विकजी सँगै मेरो घरमा सुतिरहेका थियौं । सोही राति करिब २ बजेतिर उहाँको हत्या भएको भन्ने थाहा पाएपछि पूर्णजीको घरमा गएँ ।

**खुमबहादुर थापा, राजपुर गाविसका पूर्व उपाध्यक्ष**

२४ गते साँझ ८ बजेतिर मेरो भतिजो साइकलमा हतारिँदै आएको थियो । र, उसले बाटोमा एउटा मोटरसाइकलबाट एक व्यक्ति लडेको देखेको कुरा बतायो । उसले त्यो लडेको व्यक्ति पूर्णबहादुर नै हो भनेर ठोकुवा गर्न सकेन । त्यहि पनि हामीले पूर्णबहादुरको घरमा खबर पठायौं र घटनास्थलतर्फ जाने भनेर हामी २५-३० जना घटनास्थलतर्फ गयौं । घटनास्थलतर्फ अगाडि बढ्दै जादा प्रेमनगरमा

अर्कोतर्फबाट केही मानिसहरूको हुल आयो र घटनास्थलमा पूर्ण डाक्टर लडेको कुरा बतायो । हामी घटनास्थल पुग्यौं सडकमा पल्टिएको व्यक्ति हेर्‍यौं । उनको साथमा मोबाईल थियो, ब्याग जस्ताको तस्तै थियो, एउटा खुट्टामा चप्पल थियो, मोटरसाईकल थोरै ढल्किएको थियो, पहिला त हामीले रक्सी खाएर वा दुर्घटना भएर पल्टिएको जस्तो लाग्यो तर पछि खुन देखिएपछि हत्या भएको जस्तो मानी तत्काल ११:०० बजेतिर प्रहरीलाई फोन गर्‍यौ । अनि ११:१५ बजेतिर प्रहरी आयो । उनको हात, खुट्टा छाम्यो, हात, खुट्टा लुला थिए, आँखामा थोरै चमक थियो, त्यसैले यस्ता मान्छे पनि कहिले काहीँ बाँचेका पाइएकोले उनी पनि बाँच्ने हुन्की जस्तो लागेर तौलिहवा अस्पताल लगियो ।

## स्थानीय प्रहरी–प्रशासनको भनाई

**नरेन्द्र दहाल, प्रमुख जिल्ला अधिकारी, कपिलवस्तु**

यो घटना अकस्मात भयो । साँझ ८ बजे भएको घटना हामीलाई ३ घण्टापछि मात्र थाहा भयो । घटनाको छानबिनमा जिल्ला प्रहरी कार्यालका एसपी लागिरहेका छन् । घटनाको भोलिपल्ट प्रेस विज्ञप्ति आएको हो । विज्ञप्तिमा गोइतले जिम्मा लिएको छ । विज्ञप्ति हेर्दा विवादास्पद देखिन्छ । यो गोइत समूहले नै घटना गरायो भन्ने छैन । यस घटनालाई गहिरो अनुसन्धान गर्नुपर्छ र हाम्रोतर्फबाट भइरहेको छ ।  यस्तो घटना जिल्ला कै पहिलो घटना हो । यस घटनाको सत्यतथ्य पत्ता लगाउन हामी गहिरो अनुसन्धान तिरै जान्छौं । मेरो सुन्नमा आएअनुसार परिवारले घटनाको अनुसन्धान राम्रैसँग हुनुपर्ने भनिरहेको छ । त्यसैकारण कुनै पक्षबाट पनि घटनाको वास्तविकता ढाक छोपको स्थिति नहोस् भनेर नै अनुसन्धानको प्रकृया थालिएको हो ।

गोली हेर्दा राम्रो तथा आधुनिक हतियारबाट चलाएको होइन र गोली नजिकबाट प्रहार गरिएको छ । एउटा गोली शरीर छेडेर निस्केको र अर्को फोक्सो र मुटुको बीचमा रहेको थियो । दलित गैर सरकारी संस्था महासंघ र राइज नामक संस्थाका व्यक्तिसँग सोधपुछ कार्य पनि भइरहेको छ ।

परिवारलाई क्षतिपूर्ति दिने सम्बन्धमा अहिले यकिन गर्न सकिँदैन । हाम्रोतर्फबाट राजनीतिक हत्यामा क्षतिपूर्ति दिने गरिएको छ यदि यो हत्या राजनीतिक कारणबाट भएको खुल्न आएमा हामीले क्षतिपुर्तिको व्यवस्था गर्नेतर्फ अगाडि बढनेछौं तर त्यो आपराधिक हत्या गरेको पाइएमा दोषीलाई कारवाहीतर्फ अगाडि बढ्छौं ।

**शशीहजुर सिलवाल, प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, कपिलवस्तु**

पूर्णबहादुर सुनारको घटनाका सम्बन्धमा इलाका प्रहरी कार्यालय, गोरुसिङ्गेलाई २४ गते अन्दाजी रातको ११ बजे स्थानीय बासिन्दाबाट जानकारी भयो । प्रहरी तत्कालै घटनास्थल पुगी स्थानीय बासिन्दाको सहयोगमा उनलाई जिल्ला अस्पताल, कपिलवस्तुमा पुर्‍याइएको थियो । अस्पतालमा पुर्‍याउदा उनी अन्तिम अवस्थामा पुगिसकेका थिए र उनको त्यही अस्पतालमा मृत्यु भयो ।

उनको पाइन्टको दायाँ खल्तीमा नोकिया मोबाईल सेट एक थान, पाइन्टको बायाँ खल्तीमा नगद रूपैया १७ हजार ५सय रुपैंयाँ र सर्टको खल्तीमा भारु. केही रकम फेला परेको थियो । मोबाईल बाहेक उक्त सामान र रकम मृतकका आफन्तलाई जिम्मा लगाइ सकिएको छ ।

लासको पोष्टमार्टम गर्दाको घाउ-खत हेर्दा २ राउण्ड गोली मृतकको शरीरको पछिल्लो भाग मेरुदण्डको दुवै छेउबाट प्रहार गरिएको र शरीरमै सटाएर प्रहार गरिएको हुनुपर्छ । त्यसमा एक राउण्ड गोली मृतकको छातीको छेउबाट चिप्लिएर पार भएको र अर्को एक गोली मुटु र फोक्सोको बीचमा लागी शरीरमै रहेको पाइयो । मृतकको घाउ-खत र प्रहार गरिएको गोली हेर्दा सो घटनामा सामान्य पेस्तोलको प्रयोग भएको तथा दक्ष तथा अनुभवी प्रहारकर्ता संलग्न हुनुपर्ने अनुमान गरिएको छ । हत्या सुनियोजित ढंगले गरिएको हो ।

उनी विभिन्न संघ-संस्थामा आवद्ध व्यक्ति भएको हुनाले दलित गैरसरकारी संस्था महासंघ, कपिलवस्तुका पदाधिकारी र कर्मचारीहरू, राइजका अध्यक्षलगायत् मृतकले चिया पिएको सुभम होटलका व्यक्तिहरूसंग गरी आजसम्म नौंजनासंग सोधपुछ कार्य भएको छ ।

गोइत समूहले जारी गरेको प्रेस विज्ञप्तिप्रति हामी विश्वस्त छैनौं । विज्ञप्तिलाई हामीले शंकाका रूपमा लिएका छौं । यो घटनाको अनुसन्धानलाई छायाँमा पार्नका निम्ति सो विज्ञप्ति आएको हुनसक्छ । हामीले आफ्नो अनुसन्धान तिव्रताका साथ लगेका छौं ।

घटना भएको बखत दुईवटा मोटरसाइकलमा चारजना व्यक्ति घटनास्थल छेउछाउ देखिएको भन्नेसम्म कुरा थाहा भएको छ तर ती व्यक्ति को हुन् ? भन्ने सम्बन्धमा कहि-कतै पहिचान हुन सकेको छैन ।

घटनाको सत्यतथ्य पत्ता लगाउन प्रहरी निरीक्षक दिपक रेग्मीको नेतृत्वमा एक अनुसन्धान टोलीसमेत गठन गरी अनुसन्धानलाई तीब्र पारिएको छ । डी.एन.एफ. र राइजका पदाधिकारीहरूसँग पनि सोधपुछ गरिरहेको छौं ।

**भोजदेव खतिवडा, प्रहरी निरीक्षक, गोरुसिंगे इलाका प्रहरी कार्यालय**

धनकौली शिव मन्दिर नजिक एक दुर्घटना भएको भन्ने खबर राति ११ बजे राजपुरबाट आयो । त्यतिखेर म कार्यालय बाहिर गस्तीमा थिएँ र त्यतैबाट सिधै घटनास्थलतर्फ गएँ । घटनाको बारेमा हामीले ढिलो खबर पायौं ।

घटनास्थल पुगेपछि मोटरसाइकल ढलेको दक्षिणतिर मृतकको टाउको र शरीर उत्तानो अवस्थामा थियो । नाकबाट रगत निस्केको, शरीरको कपडा भिजेको र टाउकोमा हेल्मेट रहेको थियो । स्थानीय बासिन्दाले बसले हानेको भन्ने कुरा पनि गरे । हात र औंला चलाउँदा चलेकाले मान्छे जीवित छ कि भनेर तौलिहवा अस्पताल लगियो । अस्पतालले उनी जीवित नभएको जानकारी गरायो ।

घटनाको अनुसन्धान निष्पक्ष र स्वतन्त्ररूपले जिल्ला र हाम्रो तर्फबाट भइरहेको छ । डरत्रासको कारणले हुनसक्छ, स्थानीय बासिन्दाले घटनाको बारेमा केहि भन्न चाहेको छैन । घटनाको भोलिपल्ट बिहान म घटनास्थलमा जाँदा घटनाको बखत महिलाले देखेको सुन्नमा आयो तर सो सम्बन्धमा थप जानकारी लिन खोज्दा उनीहरू केही थाहा छैन भन्छन् । दलित गैसस महासंघको फिल्डअफिसरले घटनास्थल नजिकै बाटोमा दुईवटा मोटरसाइकल देखेको सुन्नमा आयो । ती मोटरसाइकल घटनास्थलदेखि केही दूरीसम्म हेडलाईट निभाएर गएको पनि सुन्नमा आयो ।

मृतकलाई नजिकबाट पेसेवर अपराधीले नै समातेर गोली प्रहार गरेको देखिन्छ । घटनामा घरेलु हतियार प्रयोग गरेको हुनसक्ने अनुमान गर्न सकिन्छ । मोटरसाइकलमा चढेको अवस्थामा उनलाई गोली प्रहार गरिएको छ । विपरीत दिशाबाट आएका व्यक्तिले उनलाई नियन्त्रणमा लिई गोली प्रहार गरेको हो ।

हामीले मृतकको पाइन्टको गोजीबाट १७ हजार ५ सय रूपैयाँ, एउटा मोबाईल, सर्टको गोजिमा लगभग १ सय ५० भारतीय रूपैया र घटनास्थलमा कालो ब्याग भेटायौं । मृतकसँग रहेको १७ हजार ५सय रूपैयाँ परिवारलाई बुझाइयो । मोबाईल र ब्याग अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यायलमा राखिएको छ ।

यहि समूहबाट हत्या भएको हो भन्ने कुरा विज्ञप्तिकै आधार मानेर भन्न सकिने अवस्था छैन । मोर्चाको विज्ञप्ति हेर्दा लोगो फरक देखिन्छ । त्यसैले प्रेस विज्ञप्ति हेरेर यसैले गरेको हो भन्न सकिन्न

। यो घटना सुनियोजित हो । पेसेवर अपराधिक समूहले गोली प्रहार गरेको हो । अपराधीहरूले हत्याका लागि घटनास्थलको उपयुक्त छनौट गरेको छ ।

## पोष्टमार्टममा संलग्न डाक्टरको भनाई

**डा. दिपक गिरी, कपिलवस्तु जिल्ला अस्पताल**

२४ गते रातको समयमा म ड्युटीमा थिइन । अस्पतालको आकस्मिक कक्षमा अन्य स्टाफहरू थिए । यस अस्पतालमा कार्यरत अहेबले मलाई बिहान भने अनुसार पूणबवहादुर सुनारलाई २४ गते रातको १२:३० बजे प्रहरीले यस अस्पतालमा ल्याइपुऱ्याएको थियो । इमरजेन्सी रुममा राखी अहबवलाई उनी जीवित रहेको वा नरहेको सम्बन्धमा सोधेपछि अहेबले नाडी छाम्दा उनको मृत्यु भैसकेको पाएपछि सो कुरा प्रहरीलाई बताए । प्रहरीले त्यो लासलाई पोष्टमार्टम कक्षमा लगेर राखेका थिए ।

बिहान मैले सो कुरा थाहा पाए । प्रहरीले पोष्टमार्टम गर्न भनेपछि मैले पहिला मुचुल्का उठाउन भनें । दिउँसो एक बजेतिर प्रहरीले आफ्नो मुचुल्का र अन्य कागजात सम्बन्धि कार्य पूरा गरि सकेपछि मात्र मृतकको पोष्टमार्टम हुन सकेको थियो । पोष्टमार्टम अनुसार मृतकलाई Scapula को ठिक मुनिबाट दुई गोली प्रहार गरिएको खुल्न आएको आउँछ । एक गोली दाहिने फोक्सो छेडी पारी निस्केको र अर्को प्वालको शंका लागी चिरफार गर्दा मुटुमा गोली अड्किएको फेला परेको थियो । गोली छिरेको घाउमा गन पाउडर टाँसिएको हुँदा नजिकै सटाएर गोली प्रहार भएको र घाउको प्रकृति हेर्दा प्रयोग गरिएको गोली एकै प्रकारको भएको अनुमान गर्न सकिन्छ ।

## विभिन्न संघ– संस्था, मानवअधिकारकर्मी तथा नागरिक समाजका प्रतिनिधिहरूको भनाई

**शिवकुमार यादव, संयोजक, मधेश मानवअधिकार अनुगमन सञ्जाल**

उहाँ पहाडी मूलको भएपनि मधेशी समुदायको लागि पनि राम्रो मान्छे हुनुहुन्थ्यो । उहाँ गौमाता जस्तो मान्छे हुनुहुन्थ्यो । गोइत समूहले निकालेको प्रेस विज्ञप्तिमा कुनै तुक छैन । घटना मधेशी तथा पहाडीको कुनै साम्प्रदायिकताका कारणले भएको जस्तो लाग्दैन, त्यो आशंका मात्रै हो । घटनाको तथ्य उजागर गर्न हामी सहयोग गर्दछौं ।

**रणबहादुर विश्वकर्मा, सचिव, दलित गैरसरकारी संस्था महासंघ, कपिलवस्तु**

अहिले यस्तो घटना भयो । दलित गैसस महासंघका अध्यक्षको यो घटनाको सत्यतथ्य भित्र के छ, त्यो त पत्ता लाग्ला तर अहिले गोइत समूहले जिम्मा लिएको अवस्थामा अब हामी सुरक्षित छैनौं भन्ने लागेर मैले अब दलित गैसस महासंघ छोड्नुपर्छ भनेको छु । यो घटनाको अपराधी पत्ता लाग्नु पर्दछ । पूर्णबहादुरजी यो दलित गैसस महासंघलगायत् राइज र जिल्लाका अन्य संस्थामा पनि काम गर्नुहुन्थ्यो । त्यहाँ पनि छानबिन गरिनुपर्दछ । सरकारले क्षतिपूर्तिको व्यवस्था गर्नुपर्दछ । हामी त्यसका निम्ति पनि लागि रहेका छौ ।

**रामनरेश चौधरी गरिवी निवारण कार्यक्रमको सुपरभाइजर, राइज, कपिलवस्तु**

पूर्णजी र म यही कार्यालयमा साउन २३ गते राति बस्यौं । त्यस रात हामी १२ बजेसम्म काम गरेर सुत्यौं । २४ गते बिहान पख चिया नास्ता खायौं र १२ बजे यही कार्यालयमा हाम्रो समीक्षा बैठक बस्यौ । महिनाको प्रत्येक अन्तिम हप्तामा हाम्रो बैठक बस्ने गर्छ । त्यस दिन यहाँबाट निस्कनु भन्दा पहिला तीन महिनाको तलव रूपैया १९ हजार ५सय बुझ्नु भयो र दिउँसो ४:३० बजे यहाँबाट निस्कनु भयो । उहाँ मसँग बस्दासम्म उहाँमा तनावको स्थिति देखिएको पाइन ।

**ओमप्रकाश अर्याल, जिल्ला संयोजक, एडभोकेसी फोरम, कपिलवस्तु**

मानवअधिकार योद्धाको हत्या भएको छ । यस घटनाको हाम्रो संस्थाले घोर भर्त्सना गर्दछ । हत्या जुनसुकै समूहले गरेको भए पनि हत्यारा पत्ता लगाउनु पर्दछ । हत्यारा पत्ता लगाउने काम सरकारको हो । मृतकलाई शहीद घोषणा गरिनु पर्दछ । र, यस को लागि सम्पूर्ण मानवअधिकारकर्मी,

संघ-संस्था अगाडि बढ्नु पर्दछ । सम्पूर्ण राजनीतिक पार्टीहरूले सर्वदलीय बैठक बसाई शहीदको घोषणा गर्ने निर्णय गर्नु पऱ्यो र मृतकको परिवारलाई उचित क्षतिपूर्तिको व्यवस्था राज्यले गर्नु पर्दछ । हाम्रो संस्था हरेक किसिमले सहयोग गर्न तयार छ ।

**मिना परियार, जिल्ला सचिव, मुक्ति समाज एवम् छुवाछुत निगरानी केन्द्रीय प्रतिनिधि**
सम्पूर्ण राजनीतिक दल, संघ-संस्थाले सहानुभूति देखाउनेको रूपमा मात्र सम्पूर्ण दलित समुदाय स्थापित भएको छ । सबैले उहाँलाई शहीद घोषणा गर्नुपर्ने, क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने भन्छन् र सबैको चाहना पनि त्यही हो । तर यस कार्यको निम्ति पहलकदमी कसैबाट भएको छैन । त्यसकारण सोका निम्ति सम्पूर्ण राजनीतिक दलले सर्वदलीय बैठक बसी निर्णय गरी अगाडि बढ्नु पर्दछ ।

**चन्द्रबहादुर खड्का, अधिवक्ता एवम् नागरिक समाज प्रतिनिधि**
उनी समाजिक कार्यकर्ता एवं मानवअधिकारकर्मी हुन् ।  यस घटनाले सम्पूर्ण नागरिक समाज तथा मानवअधिकारकर्मीलाई स्तब्ध बनाएको छ । घटना यदि गोइत समूहले गरे पनि कुनै समूहमार्फत् गराइएको हुनुपर्दछ । यो त अनुसन्धानपश्चात् मात्र यथार्थ कुरा आउँछ । हाम्रो तर्फबाट अनुसन्धान त जारी नै छ , यद्यपि यसको जिम्मेवारी सरकारले लिनु पर्दछ र मृतकको परिवारलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्छ ।

**रामशरण रैदास, कोषाध्यक्ष, दलित गैर सरकारी संस्था महासंघ, कपिलवस्तु**
हाम्रो संस्थामा कुनै किसिमको जटिल अन्तरविरोध भएको छैन । तर हामीले केन्द्रमा जिल्लाको कार्यसमितिको पदाधिकारीले अनुगमन गरेवापत केही रकमको व्यवस्था हुनु पऱ्यो भनी केन्द्रमा अनुरोध गर्ने भन्ने समेत सहमति गरेका थियौं । नयाँ परियोजना भएको हुनाले खाली कर्मचारीको सवालमा, कार्यालयलाई व्यवस्थित के-कसरी गर्ने भन्ने बारेमा सामान्य छलफल हुने गर्थ्यो ।

## राजनीतिक दलका प्रतिनिधिहरूको भनाई

**रामदयाल ठाकुर, सचिव, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी), कपिलवस्तु**
घटना दुःखदायी छ । यस प्रकारको घटना यो जिल्लामा पहिले भएको थिएन तर अब फेरि-फेरि पनि हुनसक्छ । अपराधी जोसुकै भए पनि कारवाही हुनैपर्दछ । राज्यले पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउनु पर्दछ । यो घटना जुनसुकै समूह वा संस्थाले गरेको भए पनि अमानवीय र निन्दनीय छ । हाम्रो पार्टी हिंसा र हत्याको पक्षमा छैन । हामी सशस्त्र आन्दोलनको विरोध गर्दछौं ।

**चक्रधारी पाण्डे (प्रकाश), जिल्ला अध्यक्ष, मधेशी जनअधिकार फोरम, कपिलवस्तु**
यो घटना दुर्भाग्यपूर्ण छ । यहि पुसदेखि म जनअधिकार फोरमको जिल्ला अध्यक्ष भएँ । म पदमा आएदेखि मधेशी-पहाडीको भेदभाव भएन । संस्थाले यस्तो कृयाकलाप गरेको पाएमा म फोरम छाडी दिन्छु । अपराधी समूहको सहयोग वा समर्थन गर्दैनौं, त्यो चाहे ज्वालासिंह होस् या गोइत समूह । यो घटनाको सम्पूर्ण जिम्मा प्रशासनले लिनु पर्दछ । अपराधी समूह को ? कहाँ छ ? सबै प्रहरी-प्रशासनलाई थाहा छ तर प्रशासन मौन देखिन्छ । गोइतको गठन जिल्लामा भएको सुन्नमा आएको छ । तर क्रियाशील भएको पाइएको छैन । यो घटना जनतान्त्रिक वा माओवादीमध्येले गरेको हुनुपर्छ ।

**पदमप्रसाद खनाल, जिल्ला कार्यसमिति सदस्य, नेपाली काग्रेस, कपिलवस्तु**
शान्ति प्रक्रियापछि कपिलवस्तु जिल्लामा यो पहिलो ठूलो घटना हो । एउटा समाजिक कार्यकर्ता तथा मानवअधिकारकर्मीको हत्या भएको छ । यस घटनाले सम्पूर्ण मानवअधिकारकर्मी, राजनीतिक दल र नागरिक समाज स्तब्ध भएको छ । नागरिकको सुरक्षा प्रदान गर्ने काम सरकारको हो । जुन गोइत समूहले जिम्मा लिएको छ र प्रेस विज्ञप्तिको कुराले गोइत समूहले हो जस्तो लाग्छ तर पनि प्रहरी प्रशासनबाट अनुसन्धान भइरहेको छ । सत्यतथ्य त्यसपछि मात्र वाहिर आउला । जे भए पनि एकजना नागरिकको हत्या भएको छ  । जुनसुकै समूहले हत्या गरेको भए पनि त्यसको छानबिन

राज्यले गर्नु पर्दछ । यथाशीघ्र आवश्यक छानबिन गरी दोषीमाथि कारवाही गरिनुपर्दछ । मृतकलाई राज्यले शहीदको घोषणा गर्नुपर्दछ र राज्यले क्षतिपूर्तिको व्यवस्था गर्नुपर्दछ । पीडित परिवारको उचित व्यवस्थापन समेत गर्नुपर्दछ । यसको लागि हाम्रो पार्टीले समेत पहल गर्ने र ऐक्यवद्धता जनाउने छ ।

**बाबुराम खनाल, जिल्ला कमिटी सदस्य, नेकपा (एमाले), कपिलवस्तु**

यस घटनाले हामी सबैलाई स्तब्ध बनाएको छ । पूर्णजी कुनै राजनीतिक गतिविधिमा सक्रिय वा संलग्न भएको व्यक्ति होइन । त्यसकारण मृत्युको जिम्मा गोइत समूहले लिएकोमा मलाई विश्वास लागेको छैन । कुनै समूहले अपराध गरी आफू बँच्नको निम्ति गोइत समूहको नाम पो दिएको हो कि ? मलाई शंका लागेको छ । मूल विषय के हो जस्तो लाग्छ भन्दा संविधानसभाको चुनाव बिथोल्नका निम्ति कुनै समूहले पहिलो गोटीको रूपमा प्रयोग गरेको त होइन ? राज्य संयन्त्रले घटनाउपर संवेदनशील भएर निष्पक्ष छानबिन गरी दोषीउपर कानुनी कारवाही गर्नुपर्छ ।
पीडित परिवारलाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्दछ र सम्पूर्ण परिवारको भरणपोषणको जिम्मा राज्यले लिनुपर्दछ ।

**विष्णु भुषाल, जिल्ला सचिव जनमोर्चा नेपाल, कपिलवस्तु**

आफू चर्चामा आउनको निम्ति गोइत समूहले जिम्मेवारी लिएको जस्तो मलाई महसुस भएको छ । यस्तो घटना अन्य कुनै समूहले समेत गरेको हुनसक्छ । जुनसकै समूहले हत्या गरेको भए पनि यसको छानबिन राज्यले गर्नुपर्दछ र दोषी चाँडो भन्दा चाँडो पत्ता लगाई अपराधीलाई कारवाही गर्नु पर्छ । मृतकलाई शहीद घोषणा गर्नुपर्छ र मृतकको परिवारलाई क्षतिपूर्ति प्रदान गर्नु पर्छ । यसको जिम्मा राज्यले लिनुपर्दछ ।

**नारायण खनाल, सचिवालय सदस्य, नेकपा (माओवादी), कपिलवस्तु**


घटनाको सम्बन्धमा हाम्रो पार्टी एकदमै स्तब्ध भएको छ । एकजना सामाजिक कार्यकर्ता र मानवअधिकारकर्मीको हत्या भएको छ । यसमा घटनाको अन्तरसम्बन्ध, घटनाको कारकतत्व विभिन्न हुन सक्छ । खोज्दै गयो भने सजिलै भेट्न सकिन्छ र यथाशीघ्र पुष्टि गर्न समेत सकिन्छ । गोइत समूह नै वास्तविक अपराधी हुन् वा होइनन् छानबिन कै विषय हो । यस घटनाको सन्दर्भमा सरकारी आयोग गठन गरी छानबिन गरिनुपर्दछ ।

यो हाम्रो पार्टीको समेत जिम्मेवारी भएको हुनाले हामी पनि छानबिन गर्दछौ । संविधान सभाको विषयलाई लिएर यो घटना भएको पनि हुन सक्छ यसका विरुद्ध विभिन्न किसिमका ग्राईण्ड डिजाइनहरू भएका हुन सक्छन । यस घटनाको सन्दर्भमा मानवअधिकारको क्षेत्रले पनि खासै उल्लेख्य चासो लिएको पाइएको छैन । पीडित परिवारलाई क्षतिपूर्तिको उचित व्यवस्थापन गर्नु पर्ने, मृतकलाई शहीदको घोषणा गर्नुपर्ने र राज्यलाई जवाफदेही बनाउन तत्काल आन्दोलनको घोषणा समेत गर्नु पर्दछ ।

**अनुसूची–२**
**फोटोहरु**



कपिलवस्तु जिल्लाको नक्सा








घटनास्थलको नक्सा



घटनास्थल देखाउदै स्थानीय वासिन्दा


मृतक पूर्ण ब. सुनार


शरीरको पछाडिको भाग
फोक्सो छेडेर वाहिर निस्केको गोली छिरेको घाउ
मुटुमा अड्केको गोली छिरेको घाउ
शरीरको अगाडिको भाग
फोक्सो छेडेर गोली वाहिर निस्केको घाउ



पोष्टमार्टमका क्रममा निकालिएको मुटुमा अड्किएको गोली



मृतककी पत्नी माला गोतामे सुनार साथमा छोरा तथा छोरीहरू



मृतकको मोटरसाइकल र हेलमेट

घटनाका बारेमा जानकारी दिँदै सरकारी निकायका स्थानीय पदाधिकारीहरू


डा. दिपक गिरी, पोष्टमार्टममा संलग्न


नरेन्द्र दहाल, प्रमुख जिल्ला अधिकारी


भोजदेव खतिवडा, प्रहरी निरीक्षक, गोरूसिंगे इलाका प्रहरी कार्यालय


शशीहजुर सिलवाल, प्रहरी उपरीक्षक



राईजको कार्यालय जहां मृतकले ०६४ साउन २३ गतेको रात बिताएका थिए



कपिलवस्तु स्थित डी एन एफ को कार्यालय




घटनाको केही समय पहिले मृतक पूर्ण ब. सुनारले केहि साथीहरूसंग चिया खाएको कपिलवस्तु स्थित होटल

विभिन्न संघ- संस्था, मानवअधिकारकर्मी ,नागरिक समाज र राजनैतिक पार्टीका प्रतिनिधिहरू घटनाका बारेमा जानकारी दिदै









# अनुसूची-३
# घटना सम्बन्धि समाचारहरु

नेपाली राष्ट्रिय दैनिक
बुटवल
THE BUTWAL TODAY NATIONAL DAIL
र्ष ३ अंक २५५ २०६४ साउन २७ गते आइतबार 12 Augus



लवस्तु जिल्लाको बुड्डी गाविस-४ जोतपुरका पूर्णबहादुर सुनारको हत्यापछि शोकाकुल परिवार। उनको बिहीबार तौलिहवा बुड्ढी सडक खण्डको राजपुर पक्रेहटामा रातको करिब जे गोली हानी हत्या गरिएको थियो। हत्याको जिम्मा पूर्वमा सक्रिय जनतान्त्रिक गोहित समूहका केन्द्रीय सदस्य, तथा पश्चिमाञ्चल इन्चार्ज आजाद सिंह ले प्रेस विज्ञप्ति मार्फत जिम्मा का छन्। स्थानीयवासी र परिवार यसमा विश्वास गर्दैनन्। अनुसन्धानलाई निष्क्रिय पार्न गोहित समूहको विज्ञप्ति आएको र हत्या सुनियोजित भएको उनीहरूको भनाइ छ। सुनार रकारी संस्था महासंघका अध्यक्ष र आधा दर्जन संस्थासंग आवद्ध थिए। उनी कार्यरत संस्थामा आन्तरिक अन्तरविरोध भएको बताइएको छ। हत्याको निष्पक्ष अनुसन्धान हुनुपर्ने नीयवा माग गरेका छन्। तस्विर: कृष्ण मल्ल/बुटवल टुडे

## दलित अधिकारकर्मीको हत्या

कपिलवस्तु, २५ साउन (तिस)। हतियारधारी अज्ञात समूहले गोली हानेर कपिलवस्तुमा एकजना दलित अधिकारकर्मीको हत्या गरेको छ।

दलित गैर सरकारी संस्था कपिलवस्तुका अध्यक्ष रहेका बुड्डी गाबिस-४ जितपुर निवासी पूर्णबहादुर सुनारको बिहबिार राति हत्या भएको हो।

जिल्ला प्रहरी कार्यालयका अनुसार लु २ प ९०१० नम्बरको मोटरसाइकलमा घरतर्फ जाँदै गरेका सुनारलाई राजपुर-२ कक्रेटी भन्ने स्थानमा राति ८ बजेतिर गोली हानिएको थियो।

हत्याराले सुनारसंग रहेको १७ हजार नगद, मोटरसाइकल र मोबाइल केही नलगेकाले ब्यक्तिगत रिसिइबीका कारण हत्या भएको आशंका छ। प्रहरीले हत्याराको खोजी गरिरहेको जनाउँदै कसैलाइ पक्राउ भने नगरिएको जनाएको छ।

यसैबीच उक्त घटनाको तराई जनतान्त्रिक मुक्ति मोर्चाको केन्द्रीय सदस्य तथा पश्चिम कमाण्ड इन्चार्ज बताउने आजादले जिम्मा लिएका छन्।

उनले एक विज्ञप्ती मार्फत हत्याको जिम्मेवारी लिएका हुन्।

तिलोत्तमा दैनिक ०६४ श्रावण २६

वर्ष ३ अंक २५

## गोली प्रहारबाट एकको मृत्यु

कपिलवस्तु, २५ साउन- अज्ञात समूहद्वारा गए राति स्थानीय बुड्ढी गाबिस, वडा न ४ जोतपुर बस्ने पूर्णबहादुर सुनारको गोली हानी हत्या गरिएको छ।

तौलिहवाबाट घरतर्फ गइरहेका सुनारलाई राजपुर गाबिस वडा नं. २ पक्रेढाहामा गोली प्रहार गरी हत्या गरिएको कुरा प्रहरीले जनाएको छ।

हत्या गरिएका सुनारसँग रहेको मोबाइल सेट र रु. १७ हजार पाँचसय प्रहरीले बरामद गरेको जनाएको छ। हत्या गरिएका सुनार दलित समुदायसंग विभिन्न संघसंस्थामा आबद्ध थिए।

यसैबीच हत्याको तराई जनतान्त्रिक मुक्ति मोर्चा गोइत समूहले जिम्मेवारी लिएको छ। समूहका केन्द्रीय सदस्य तथा पश्चिम कमाण्ड इन्चार्ज 'आजाद'ले विज्ञप्ति निकाल्दै हत्याको जिम्मेवारी लिएका हुन्।

## गोइत समूहद्वारा हत्या

बुटवल, २५ साउन (कास)- जनतान्त्रिक तराई मुक्ति मोर्चा गोइत समूहका कार्यकर्ताले कपिलवस्तुमा एकजनाको हत्या गरेको छ।

सदरमुकाम तौलिहवाबाट घरतिर जाँदै गर्दा राजपुर गाबिस पक्रेटामा बिहीबार राति स्थानीय पूर्णबहादुर सुनारलाई गोली हानी हत्या गरेका थिए। सुनार बुड्ढी गाबिस-४ जोगपुर निवासी हुन्।

गोइत समूहका पश्चिम कमान्ड इन्चार्ज आजादले हत्याको जिम्मा लिएका छन्। पहाडियालाई तराई छाड्न दिएको चेतावनी नमानेका कारण हत्या गरेको उनले सञ्चारकर्मीलाई फोनबाट बताए।

कान्तिपूर दैनिक ०६४ श्रावण २६

वर्ष ७ अंक

## गोली हानी एकको हत्या

मेचीकाली दैनिक ०६४ श्रावण २६

# अनुसूची–४
# घटना सम्बन्धि प्रेस विज्ञप्तिहरु

इन्सेक insec

मिति: ०६४ साउन २५ गते

## प्रेस विज्ञप्ति

### मानवअधिकार रक्षकको हत्याको भर्त्सना

दलित गैर-सरकारी संस्था महासंघ कपिलबस्तु जिल्लाका अध्यक्ष ३८ वर्षीय पूर्णबहादुर सुनारको हिजो साँझ भएको हत्याप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। मानवअधिकार रक्षक सुनारको हत्या जुनसुकै पक्षबाट भए पनि हामी उक्त घटनाको घोर भर्त्सना तथा निन्दा गर्दछौ।

राती साढे आठ बजे सदरमुकाम तौलिहवाबाट मोटरसाईकलमा घरतर्फ जाँदै गर्दा बुड्डी गाविस-४ निवासी सुनारमाथि तौलिहवा-बुड्डी सडकखण्डको पकरेटी भन्ने स्थानमा अज्ञात समूहले आक्रमण गरेको थियो। उहाँमाथि दुई राउण्ड गोली प्रहार गरिएको थियो।

केही दिन यता देशका विभिन्न भागमा अज्ञात समूहद्वारा मानवअधिकार रक्षकहरू माथि श्रृंखलावद्ध रूपमा आक्रमण भइरहेको छ। मानवअधिकार रक्षकमाथि भएको आक्रमणको यो पछिल्लो घटनाको यथाशीघ्र छानबिन गरी हत्यामा संलग्न दोषीलाई कानुनी कारवाही गर्न र नागरिकको बाँच्न पाउने अधिकार तथा जीउज्यानको सूरक्षाको सुनिश्चितता प्रदान गर्न सरकारसँग हामी जोडदार माग गर्दछौं।

कुन्दन अर्याल
महासचिव

मानवअधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
स्यूचाटार-४(नीलो घर), कलंकी, पोष्ट बक्स नं. २७२६, काठमाण्डौ, नेपाल
फोन: २७८७७०, फ्याक्स २७०५५१
e-mail: insec@wlink.com.np
Web site: www.insec.org.np

11-08-2007 12:55 ☎ 0097776560531 SAUGAT COMMUNICATION 001

# प्रेस विज्ञप्ति

मिति:-२०६४।०४।२५

यहि मिति २०६४ साल श्रावण २४ गते राती यस कपिलवस्तु जिल्ला बुढी गा .वि . स . वाड न . ४ वस्ने दलित गैर सरकारी सस्था महासघ कपिलवस्तुका अध्यक्ष श्री पुर्ण वहादुर सुनारको राजपूर गा वि स को पकरेहटामा गोली हानी निर्मम हत्य गरिएको र संचार माध्यमका अनुसार सो को जिम्मेवारी जनतान्त्रिक तराई मुक्ती मोर्चाले लिएको जानकारी भए वमोजिम हामी तपसिलमा उल्लेख गरिएका संघ सस्थाहरुले उक्त घटनाको घोर भत्सर्ना तथा निन्दा गर्दछौ । साथै यस घटनाको सत्य तथ्य पत्ता लगाई दोषी माथि कानुन अनुसार कडा कार्वाइका लागि राज्य पक्ष सगं जोडदार माग गर्दछौ । अतः पुर्ण शान्ती सुरक्षा कायम राख्न र मुलुकमा दिगो शान्तीको प्रत्याभुत गराउनका लागि [illegible] राज्य पक्ष सगं जोडदार माग गर्दछौ ।

## तपसिल

| क. स | नाम | सस्था | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | राम लखन हरिजन | दलित गै स स महासघ | के . सदस्य | |
| २ | पोम नारायण पौडेल | मानव अधिकार एलाइन्स | के सदस्य | |
| ३ | माया नेपाली | दलित महिला सघं | के सदस्य | |
| ४ | राजेश प्रताप शाक्य | गै स स महासघ कपिलवस्तु | अध्यक्ष | |
| ५ | रवि ठाकुर | कालिका स्वा. सामाजिक विकास केन्द्र | अध्यक्ष | |
| ६ | जय प्रकाश पाण्डे | मधेश मानव अधिकार अनुगमन संजाल कपिलवस्तु | सदस्य | |
| ७ | योगेन्द्र हरिजन | दलित गै स स महासघ नवलपरासी | सचिव | |
| ८ | ईन्द्र प्रसाद हरिजन | दलित मानव अधिकार सगठन कपिलवस्तू | अध्यक्ष | |
| ९ | राम शरण रैदाश | दलित गै स स महासघ कपिलवस्तू | कोषाध्यक्ष | |
| १० | सि वी गहतराज | नेपाल उत्पीडित जातिय मुक्ती समाज कपिलवस्तू | अध्यक्ष | |
| | राम वहादुर गन्धर्व | दलित उत्थान सस्था नेपाल | सचिव | |
| १२ | सन्तोष हरिजन | सामाजिक विकास केन्द्र | सदस्य | |
| १३ | मिना परियार | सहज नेपाल | सचिव | |
| १४ | फुल चन्द्र रैदश | दलित सामाजिक विकास केन्द्र | सदस्य | |
| १५ | भेष राज पाण्डे | पत्रकार महासघं कपिलवस्तू | सचिव | |
| १६ | हुमनाथ पाण्डे | हुर्संक | उपाध्यक्ष | |
| १७. | चन्द्रबहादुर रसैली | नागरिक समाज क.व. | सदस्य | |

insec

०६४ साउन २५ गते

प्रेश विज्ञप्ति

## मानवअधिकार रक्षकको हत्याको भर्त्सना

दलित गैर-सरकारी संस्था महासंघ (डि.एन.एफ.) कपिलबस्तुका जिल्ला अध्यक्ष तथा मानवअधिकार रक्षक पूर्णबहादुर सुनारको हिजो साँझ साढे आठ बजे हतियाधारी अज्ञात समूहद्वारा गोली प्रहार गरी हत्या गरिएको घटनाको हामी निन्दा तथा घोर भर्त्सना गर्दछौं ।

कपिलबस्तु जिल्ला, बुड्डी गाविस-४ निवासी ३८ वर्षीय सुनार सोहि दिन साँझ सदरमुकाम तौलिहवादेखि मोटरसाईकलमा घरतर्फ जाँदै गर्दा तौलिहवा-बुड्डी सडकखण्डको पकरेटी भन्ने स्थानमा उक्त समूहले दुई राउण्ड गोली प्रहार गरी हत्या गरेको थियो । राति स्थानीय बासिन्दाहरूले लास सडकको किनारमा देखेपछि प्रहरीलाई खबर गरेका थिए । लासको आज बिहान तौलिहवास्थित पृथ्वीवीर अस्पतालमा पोष्टमार्टम गरी लासलाई परिवारको जिम्मा प्रहरीले लगाएको छ । मृतकको छातीमा दुइटा गोली लागेको पोष्टमार्टम रिपोर्टबाट खुल्न आएको छ ।

सामाजिक क्षेत्र तथा मानवअधिकारको क्षेत्रमा लामो समयदेखि क्रियासिल व्यक्तिमाथिको आक्रमणले समग्र मानवअधिकार रक्षकमाथिनै चुनौति दिएको हामीले महशुज गरेका छौं ।

सो घटनाको तत्काल अनुसन्धान गरी घटनामा सम्लग्न दोषीउपर कानुनी कारवाही गर्न र नागरिकको बाँच्न पाउने अधिकार तथा जीउज्यानको सूरक्षाको सुनिश्चितता प्रदान गर्न सरकारसँग हामी जोडदार माग गर्दछौं ।

केही समयदेखि पश्चिमाञ्चल क्षेत्रका तराई भेगका जिल्लाहरू नवलपरासी, रुपन्देही तथा कपिलबस्तुमा श्रृखलाबद्ध व्यक्ति हत्या जस्ता आपराधिक क्रियाकलापहरूले निरन्तरता पाइरहेकोले प्रशासनिक निकाय तथा सुरक्षा निकायले शान्ति सुरक्षा कायम गर्न यथोचित व्यवस्थापन गर्नसमेत हामी माग आव्हान गर्दछौं ।

हामी शोक सन्तप्त परिवारप्रति हार्दिक समेवदना प्रकट गर्दछौं ।

मधु पन्थी
नि. क्षेत्रीय संयोजक

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको सेवा गरौं !

मानवअधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
**पश्चिमाञ्चल क्षेत्रीय कार्यालय**
पोखरा-८, नागढुङ्गा, फोन : ०६१-५२६५१२, फ्याक्स : ०६१-५३३७९२
E-mail : westernregion@insec.org.np
Website : www.Inseconline.org, www.insec.org.np

11-08-2007 12:57 0097776560531 SAUGAT COMMUNICATION P 001

135

# जनतान्त्रिक तराई मुक्ति मोर्चा

## Democratic Terai Liberation Front

### प्रेस विज्ञप्ति

उपरोक्त सन्दर्भमा जनताको मुक्ति युद्ध सञ्चालन गरिरहेको हाम्रो महान् क्रान्तिकारी पार्टी "जनतान्त्रिक तराई मुक्ति मोर्चा" ले यस क्षेत्रका [illegible] जिल्लाहरू [illegible] नजिक [illegible] गैरसरकारी संस्थाको [illegible] जिम्मेवारी लिन्छौं [illegible] यसै सिलसिलामा [illegible] तराईमा अतिक्रमण गरी बसोबास गरेका सम्पूर्ण नेपाली शासकहरू [illegible] तराई छोडेर [illegible] नेपाली [illegible] [illegible] [illegible] कारबाहीहरू [illegible] जारी रहने छौं।

[illegible]

आजाद

केन्द्रीय सदस्य नेता

पश्चिमी कमाण्ड इन्चार्ज

# Human Rights Treaty Monitoring Coordination Committee (HRTMCC)

**SECRETARIAT**
INSEC
Tel: 4278770
Fax: 4270551
Email:
[illegible]

**SUB-COMMITTEE COORDINATORS**
CVICT
CWIN
DNF
FWLD
INHURED International
RRN
WOREC

**MEMBERS**
Advocacy Forum
BBC
CAHNWG
CCN
CEHURDES
CELP Nepal
Child Nepal
Child Welfare Society
CLAF
COCAP
CONCERN
CSRC
CWISH
DWO
EIG
FEDO
Forest Action
FWLD
[illegible]
HRWF-Nepal
Human Rights Alliance
HURPEC
HRUCON
INSEC
[illegible] Nepal
JMC
KIP-Nepal
LACC
LAHURNIP
LANCAU [illegible]
LUMANTI
[illegible]
NEG
NTWG
PAM
PRECT
Population Watch
PSRN
Women Awareness Centre
Women Welfare Society
WOREC
Youth Action Nepal

<u>प्रेस विज्ञप्ति</u>
२०६४ साउन २८

## मानवअधिकारकर्मीको हत्यासम्बन्धी घटनाको अध्ययन गर्न स्थलगत अनुगमन टोली कपिलवस्तु प्रस्थान

कपिलवस्तु जिल्लामा दलित गैसस महासंघका जिल्ला अध्यक्ष ३८ वर्षीय पूर्णबहादुर सुनारको ०६४ साउन २४ गते साँझ भएको हत्याको घटनाका सम्बन्धमा सत्य तथ्य अध्ययन गर्न मानवअधिकार सन्धि अनुगमन समन्वय समिति सचिवालय तथा सदस्य संस्थाहरु दलित गैसस महासंघ, ल्यानकाउ-नेपाललगायतका प्रतिनिधिहरु सम्मिलित मानवअधिकारकर्मीको टोली आज कपिलवस्तुतर्फ प्रस्थान गरेको छ ।

साउन २४ गते राती साढे आठ बजे सदरमुकाम तौलिहवाबाट मोटरसाईकलमा घरतर्फ जाँदै गर्दा बुढ्डी गाविस-४ निवासी सुनारमाथि तौलिहवा-बुढ्डी सडकखण्डको पकरेटी भन्ने स्थानमा अज्ञात समूहले आक्रमण गरेको थियो । उहाँमाथि दुई राउण्ड गोली प्रहार गरिएको थियो । घटनाको जिम्मेवारी जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत समूह) ले लिएको छ ।

स्थलगत अध्ययन कार्यमा आवश्यक सहयोग गरिदिनु हुन सम्बन्धित सबैमा अनुरोध गर्दछौं ।

सुबोधराज प्याकुरेल
अध्यक्ष, इन्सेक
एचआरटीएमसीसी सचिवालय